नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ९२४

मितिः २०८२/०६/२८

नेपाल संवत् ११४५

विषयः विवरण उपलब्ध गराईदिने सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

प्रस्तुत नेपाल दूरसञ्चार प्राधिकरण, ग्रामीण दूरसञ्चार विकास शाखाको प.सं. २०८२/०८३, च.नं. ८३५, मिति २०८२/०६/२० को पत्र मार्फत गाउँ/नगरपालिकाको  कार्यालय, वडा कार्यालय, सामुदायिक विद्यालय तथा सामुदायक स्वास्थ्य केन्द्रहरुमा हाल ब्रोडव्याण्ड सेवा उपलब्ध भए/नभएको विवरण संलग्न ढाँचा बमोजिम उपलब्ध गराउनु हुन आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

<u>नोटः</u> माग भए बमोजिमको विवरण नेपाल दूरसञ्चार प्राधिकरण, ग्रामीण दूरसञ्चार विकास शाखाको इमेल ठेगाना rtdf@nta.gov.np मा उपलब्ध गराइदिनुहुन।

............

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री नेपाल दूरसञ्चार प्राधिकरण, ग्रामीण दूरसञ्चार विकास शाखा, जमल, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

# नेपाल दूरसञ्चार प्राधिकरण

## (ग्रामीण दूरसञ्चार विकास शाखा)

प्रे.प्रा.प्र. 46८ / ६१२३

पत्र संख्या :- ग्रा.दू.वि.शा. -८२/८३

चलानी नं. :- ८३५

मिति :- २०८२/०६/२०

नेपाल संवत्: ११४५ कौलाथ्व चतुर्दशी

श्री सङ्घीय मामिला तथा सामन्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं।

प्रति स्थानीय तह स. शाखा
१०८६।२०८ ६/२२

विषयः- विवरण उपलब्ध गराउन सहजीकरण गरिदिने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा गाँउपालिका/ नगरपालिकाको कार्यालय, वडा कार्यालय, सामूदायिक विद्यालय तथा सामूदायक स्वास्थ्य केन्द्रहरुमा हाल ब्रोडव्याण्ड सेवा उपलब्ध भए/ नभएको सम्बन्धमा अध्ययनका लागि सम्बन्धित गाँउपालिका/ नगरपालिकाको कार्यालय मार्फत देहाय बमोजिम ढाँचामा विवरण इमेल ठेगानाः rtdf@nta.gov.np मा उपलब्ध गराउन सम्बन्धित गाँउपालिका/ नगरपालिकाहरुलाई परिपत्र गरी सहजीकरण गरिदिनुहुन निर्देशानुसार अनुरोध छ।

ब्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध भए/ नभएको सम्बन्धी विवरण

| क. सं. | सेवाग्राही कार्यालय | सेवाग्राहीको ठेगाना | | | | | सेवाग्राहीको प्रकार (पालिका/वडा/सामूदायिक मा. वि./ सामूदायिक आ. वि./ सामूदायिक स्वास्थ्य केन्द्र) | ब्रोडव्याण्ड सेवा उपलब्ध भएको/ नभएको | ब्रोडव्याण्ड सेवा उपलब्ध भएको भए सेवा प्रदायकको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | जिल्ला | गाँउपालिका/ नगरपालिका | वडा नं. | सम्पर्क नं. (सम्भव भएसम्म स्यायी फोन नं.) | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

विनोद चन्द्र श्रेष्ठ
उपनिर्देशक

स्थानीय तहमा टेलिफोन तथा ब्रोडब्यान्ड इन्टरनेट सेवा विस्तार तथा विद्युतीय सुशासन स्थानीयकरण गर्ने कार्यको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल दूरसंचार प्राधिकरणबीच संस्थागत सहकार्य गर्ने सम्वन्धी

# समझदारी-पत्र

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं (यसपछि प्रथम पक्ष भनिएको) र नेपाल दुरसंचार प्राधिकरण, काठमाडौं (यसपछि द्वितीय पक्ष भनिएको) बीच सबै स्थानीय तह र अन्तर्गतका वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सरकारी निकायमा सूचना प्रविधिको पुर्वाधार विकास एवं विस्तार गर्न दुवै पक्ष सहमत भई देहाय बमोजिमको शर्तहरुका अधिनमा रहने गरी यस समझदारी-पत्रमा हस्ताक्षर गरियो।

(अ) प्रथम पक्ष सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिकाः

क) सबै स्थानीय तह र अन्तरगतका वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था, र अन्य सरकारी निकायमा टेलिफोन तथा ब्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउने सम्वन्धमा स्थानीय तहको माग संकलन तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने ।

ख) प्राधिकरणवाट ग्रामीण दुरसंचार विकास कोष र नेपाल दुरसंचार प्राधिकरण कोष प्रयोग गरी संचालित परियोजना मार्फत प्रदान गरिने दूरसंचार सेवा प्रयोग तथा सदुपयोग गर्न स्थानीय तहलाई समन्वय तथा सहजीकरण गर्ने ।

ग) प्राधिकरणवाट ग्रामीण दूरसंचार विकास कोष र नेपाल दुरसंचार प्राधिकरण कोष प्रयोग गरी स्थानीय तहलाई उपलब्ध गराइएको, गराइने र तोकिएको वर्षको निःशुल्क ब्रोडव्याण्ड इन्टरनेट सेवाको अवधि समाप्त भए पश्चात उक्त सेवाको निरन्तरताको लागि आवश्यकता

अनुसार स्थानीय तहबाटै शुल्क ब्यहोर्ने व्यवस्थाको जानकारी सम्वन्धित स्थानीय तहलाई जानकारी गराई सो को कार्यान्वयनका लागि सहजीकरण गर्ने।

घ) दूरसंचार सेवा विस्तारको लागि स्थानीय तह मार्फत आवश्यक Right of Way उपलब्ध गराउन सहजीकरण गर्ने ।

ङ) स्थानीय तहमा उल्लिखित सेवा सुचारु गर्न गराउन स्थानीय तह र दूरसंचार प्राधिकरणवीच समन्वय र सहजीकरण गर्ने ।

च) प्राधिकरणवाट ग्रामीण दूरसंचार विकास कोष र नेपाल दुरसंचार प्राधिकरण कोष प्रयोग गरी स्थानीय तहलाई व्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउन सञ्चालित कार्यक्रमहरुको बाँकी कार्य छिटो छरितो रुपमा सम्पन्न गर्ने कार्यमा सहयोग गरिदिन प्राधिकरणको अनुरोध भई आएमा स्थानीय तहसंग अवश्यक समन्वय र सहजीकरण गर्ने।

(आ) नेपाल दूरसञ्चार प्राधिकरणको काम, कर्तव्य र अधिकार

क) सवै स्थानीय तह र अन्तर्गतका वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सरकारी निकायमा टेलिफोन तथा व्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउने सम्वन्धमा प्रथम पक्षसंग आवश्यक सहजीकरण तथा समन्वय गर्ने ।

ख) स्थानीय तहरुमा नियमित सेवा (Seamless Service) को सुनिश्चिताको लागि Redundant Service को रुपमा सवै स्थानीय तह र वडा कार्यालय, सामुदायिक विद्यालय र अन्य सरकारी निकायमा mobile broadband internet सेवा विस्तारको लागि ग्रामिण दूरसंचार कोष र नेपाल दुरसंचार प्राधिकरण कोष समेतवाट श्रोत व्यवस्थपन एवं परिचालन गर्ने ।

ग) उल्लिखित कार्यालयहरुमा दूरसंचार सेवा नपुगेका वा गुणस्तरीय सेवा उपलब्ध हुन नसकेका स्थानीय तहहरु पहिचान गरी सेवा प्रदायकलाई सेवा विस्तार गर्न समन्वय, निर्देशन र परिचालन गर्ने

घ) सबै स्थानीय तह र अन्तर्गतका वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्था र अन्य सरकारी निकायको लागि टेलिफोन तथा ब्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउन आवश्यकता अनुसार ग्रामीण दूरसंचार विकास कोष र नेपाल दुरसंचालन प्राधिकरण कोष परिचालन गर्ने ।

ङ) प्राधिकरणबाट ग्रामीण दूरसंचार विकास कोष र नेपाल दुरसंचालन प्राधिकरण कोष प्रयोग गरी स्थानीय तहलाई ब्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराउन सञ्चालित बाँकी कार्य शीघ्र रुपमा सम्पन्न गर्न तदारुकता लिने।

च) प्राधिकरणबाट ग्रामीण दूरसंचार विकास कोष र नेपाल दुरसंचार प्राधिकरण कोष प्रयोग गरी स्थानीय तहलाई उपलब्ध गराइएको वा गराइने परियोजनाको दिगोपना तथा निरन्तरताको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग निरन्तर समन्वय गर्ने ।

छ) स्थानीय स्तरमा सूचना तथा संचार प्रविधिको प्रयोग तथा विद्युतीय सुशासन स्थानीयकरण गर्न सूचना प्राविधिक स्वंयसेवक परिचालन गर्ने कार्यमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग आवश्यक समन्वय गरी श्रोत व्यवस्था गर्ने र स्थानीय तहलाई उपलब्ध गराउने।

ज) स्थानीय तहहरुसँगको सहकार्यमा ग्रामीण सूचना केन्द्रहरुको स्थापना गरी संचालन गर्न आवश्यक श्रोतको व्यवस्था गर्ने ।

झ) स्थानीय तह र अन्तर्गतका वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु र अन्य सरकारी निकायहरुमा सूचना प्रविधिको पूर्वाधार तयार गर्नुका साथै विद्युतीय सुशासनमा आधारित सेवा प्रवाह गर्न सक्षम बनाउन स्थानीय तहलाई आवश्यक हार्डवेयर तथा सफ्टवेयरको व्यवस्था गर्न श्रोत व्यवस्थापन गर्ने ।

ञ) नेपाल सरकारको Digital Nepal को अभियानलाई संस्थागत गर्न र स्थानीय तहमा विद्युतीय शासन प्रवर्द्धन गरी प्रभावकारी सेवा प्रवाह गर्न स्थानीय तहलाई आवश्यक सूचना प्रविधि पूर्वाधार स्थापनाका लागि सहयोग गर्ने ।

ट) हाल VSAT मार्फत VOICE सेवा मात्र उपलब्ध भैरहेका अति दुर्गम स्थानमा दुर संचार सेवा प्रदायकहरु समेतको सहकार्यमा मोबाईल Broad Band Service लगायतका सेवा संचालन गर्ने गराउने ।

| | |
|---|---|
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट | नेपाल दुरसंचार प्राधिकरणको तर्फबाट |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः डा. गोपीकृष्ण खनाल | नामः पुरुषोत्तम खनाल |
| पदः सह सचिव | पदःअध्यक्ष |

| | |
|---|---|
| रोहवरः | रोहवरः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः सुरेश अधिकारी | नामः विनोद चन्द्र श्रेष्ठ |
| पदः सचिव | पदः उप निर्देशक |

सुरेश अधिकारी
सचिव